# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा


पत्र संख्या: २०७९/०८० (प्रशासन शाखा)

चलानी नं.: ६४२

मिति :- २०७९-०६-०५गते

**विषय :- कर्मचारीहरुको नामावली विवरण पठाउने सम्बन्धमा।**

श्री विषयगत शाखाहरु/ वडा कार्यालयहरु / स्वास्थ्य संस्थाहरु / सामुदायिक विद्यालयहरु सम्पूर्ण,
कचनकवल गाउँपालिका, झापा।

प्रस्तुत विषयमा जिल्ला निर्वाचन कार्यालय, भद्रपुर झापाको च.नं. ४३ मिति २०७९/०६/०३ गतेको सम्बत २०७९ माङ्सिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा कर्मचारी जनशक्ति परिचालन सम्बन्धि प्राप्त पत्रको छायाँ कपी पाना थान २ (दुई) यसै पत्र साथ संलग्न राखी पठाइएको छ। पत्रको थप व्यहोरा उक्त पत्र बाटनै अवगत भाई पत्र साथ उल्लेखित फर्म्याटमा ताहाँ कार्यालय अन्तर्गत कार्यरत सम्पूर्ण शिक्षक/कर्मचारीहरुको माग भएको सबै विवरण अनिवार्य रुपमा भरि ४ (चार) दिन भित्र यस कार्यालयमा उपलव्ध गराईदिनुहुन आदेशानुसार अनुरोध छ।

..........................................

**भूमि प्रसाद निरौला**
**प्रशासकीय अधिकृत**

**बोधार्थ :-**

श्री शिक्षा शाखा, कचनकवल गाउँपालिका, झापा। (गाउँपालिका मातहतका सम्पूर्ण सामुदायिक विद्यालयलाई जानकारी गराउनुहुन।)

श्री स्वास्थ्य शाखा, कचनकवल गाउँपालिका, झापा। (गाउँपालिका मातहतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई जानकारी गराउनुहुन।)

श्री सूचना प्रविधि शाखा, कचनकवल गाउँपालिका, झापा। (गाउँपालिकाको वेभ साइटमा सूचना अप्लोड् गरि विद्युतीय माध्यम मार्फत जानकारी गराउनुहुन।)

निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय
भद्रपुर झापा

पत्र सं :-०७९/८०  मिति २०७९।०६।०३

च.नं :- ८३

कचनकवल गाउँपालिका
बनियानी, झापा
दर्ता नं. ७६१
मिति २०७९।६।५

श्री प्रशासन शाखा
विवरण उपलब्ध गराउनु।
०७९।०६।०५

विषय: कर्मचारीहरुको नामावली विवरण पठाईदिने सम्वन्धमा।

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यु,
स्थानीय तह सवै,
झापा।

सम्वत २०७९ मंसिर ४ गते हुने प्रतिनिधी सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा कर्मचारी जनशक्ति परिचालन गर्नुपर्ने र सो को लागि जिल्लामा रहेका सरकारी कार्यालय नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका संस्थान /विकास समिति /सामुदायिक विद्यालय/प्रतिष्ठान /क्याम्पस /स्थानीय तहमा कार्यरत कर्मचारी र शिक्षकको नामावली सहितको विवरण अद्यावधिक गर्न निर्वाचन आयोगवाट निर्देशन प्राप्त भएको र जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समिति वाट निर्णय भएको सन्दर्भमा यस कार्यालयवाट जनशक्ति विवरण तयार गर्नुपर्ने भएकोले तहाँ कार्यालय, मातहत कार्यालयहरु र वडा कार्यालयहरुमा कार्यारत सवै कर्मचारी तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको संलग्न ढाँचामा अनिवार्य सवै विवरण उल्लेख गरी कर्मचारी र शिक्षकहरुको छुट्टा छुट्टै पानामा विवरण तयार गरी सात दिन भित्र यस कार्यालयमा उपलव्ध गराईदिनहुन अनुरोध छ।

विवरण पठाउँदा उपलव्ध गराईएको ढाँचामा Unicode traditional मा Edit गर्न मिल्ने गरी यस कार्यालयको ईमेल deo.jhapa@election.gov.np मा सफ्ट कपी र प्रमाणित हार्ड कपी समेत पठाईदिनहुन अनुरोध गर्दछु। साथै निर्वाचन मिति भित्रै सेवा निवृत्त हुने, अत्यावश्यक सेवा संचालन र सुरक्षाको लागि चाहिने ,सुत्केरी , गर्भवती र अशक्त भई निर्वाचनमा खटाउन नमिल्ने कर्मचारी / शिक्षक भए कैफियतमा जनाईदिन र कुनै कारणवश हेरफेर भएमा तत्काल यस कार्यालयलई संशोधित विवरण उपलव्ध गराईदिनहुन समेत अनुरोध गर्दछु।

जिल्ला निर्वाचन अधिकारी

तुलसी कुमार नेपाल
जिल्ला निर्वाचन अधिकारी

बोधार्थ
श्री निर्वाचन आयोग, कान्तिपथ काठमाण्डौं ।

अनुसूची १

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## निर्वाचनमा खटाउन सकिने कर्मचारीको विवरण

(आफ्नो कार्यालयको नाम उल्लेख गर्ने)

...............................................................कायालय,

कार्यालय रहेको स्थानको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं.: ............

जिल्ला निर्वाचन कार्यालय, भद्रपुर, झापा

कर्मचारीहरुको विवरण

| क्र सं | कर्मचारीको नाम थर | पद | तह | श्रेणी | स्थायी/ अस्थायी/ करार | हालको पदमा नियुक्ति मिति | मतदाता प.प. नं. | कर्मचारीको स्थायी ठेगाना | | मोबाईल नं | उमेर | लिङ्ग | कैफियत (निबृत हुन लागेक सुत्केरी, गर्भवती, अत्यावश्यक सेवाम राख्नुपर्ने र ज्यादै अश कर्मचारी भए उल्लेख |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | स्थानीय तह | वडा नं | | | | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |

नोट : कृपया विवरण पठाउँदा माथि उल्लेखित सबै कोलममा विवरण अनिवार्य रुपमा उल्लेख गरिदिनुहोला ।

तयार गर्ने

प्रमाणित गर्ने

जिल्ला निर्वाचन अधिकारी